नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

## आर्थिक वर्ष २०७७।०७८ को अनुमानित करको विवरण तथा आयकरको पहिलो किस्ता वापतको रकम दाखिला गर्ने सम्वन्धी जरूरी सूचना

आयकर ऐन, २०५८(सं.स) को दफा ९४ को उपदफा (१) वमोजिम आर्थिक वर्ष २०७७।०७८ को आयकरको किस्ता रकम दाखिला गर्नु पर्ने करदाताहरूले दफा ९५ वमोजिम आर्थिक वर्ष २०७७।०७८ को कारोवारको अनुमानित करको विवरण र सो विवरण अनुसारको तिर्नु पर्ने आयकरको पहिलो किस्ता वापतको चालिस प्रतिशतले हुने रकम यही २०७७ पौष मसान्त भित्रै ठूला करदाता कार्यालय वा मध्यमस्तरीय करदाता कार्यालय वा सम्वन्धित आन्तरिक राजस्व कार्यालय वा सम्वन्धित करदाता सेवा कार्यालयमा दाखिला गरी ऐन अनुसार लाग्ने शुल्क तथा व्याजवाट बचौं ।